# भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०८३

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**भूमि समस्या समाधान समिति**

ताहाचल, काठमाडौं

# भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार
# र
# मापदण्ड, २०८३

भूमि सम्बन्धी (एक्काइसौ संसोधन) नियम, २०२१ को नियम ४१क४ ले दिएको अधिकार प्रयोग गरी भूमि समस्या समाधान समितिले यो आधार र मापदण्ड बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस आधार र मापदण्डको नाम "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०८३" रहेको छ।

(२) यो आधार र मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आधार र मापदण्डमाः

(क) "अव्यवस्थित बसोबासी" भन्नाले सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि कम्तीमा दश वर्षदेखि आबाद कमोत गरी घर टहरा बनाई बसोबास गरेका भूमि सम्बन्धी ऐन २०२१ को दफा ५२ग. को उपदफा (३) को आधारमा वर्गीकरण गरिएका व्यक्तिलाई सम्झनु पर्दछ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउनेछ।

(ख) "परिवार" भन्नाले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीको पति, पत्नी, बाबु, आमा र छोराछोरी सम्झनु पर्दछ। तर सो शब्दले कानूनबमोजिम अंशवण्डा गरी वा वडा कार्यालयबाट मानो छुट्टिएको प्रमाणित भै आ-आफ्नो पेसा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन।

(ग) "भूमिहीन सुकुम्बासी" भन्नाले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आयआर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति सम्झनु पर्दछ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउँछ।

(घ) "भूमिहीन दलित" भन्नाले राष्ट्रिय दलित आयोगद्वारा दलित भनी सूचीकृत जातिका भूमिहीन सुकुम्बासी भन्ने सम्झनुपर्छ।

(ङ) “समिति” भन्नाले ”भूमि सम्बन्धी (एक्काईसौं संसोधन) नियमहरु २०२१ को नियम ४१क१ बमोजिमको भूमि समस्या समाधान समिति सम्झनुपर्छ।

(च) “जिल्ला समिति” भन्नाले भूमि सम्बन्धी (एक्काईसौं संसोधन) नियमहरु २०२१ को नियम ४१क ६ बमोजिमको जिल्ला भूमि समस्या समाधान समिति सम्झनु पर्छ।

(छ) "ऐन" भन्नाले भूमि सम्बन्धी (संशोधन सहित) ऐन, २०२१ लाई सम्झनु पर्दछ।

(ज) “नियमहरू” भन्नाले भूमि सम्बन्धी (एक्काईसौं संसोधन) नियमहरू, २०२१ लाई सम्झनु पर्दछ ।

(ञ) "बाँकी काम" भन्नाले भूमि सम्बन्धी (एक्काईसौं संसोधन) नियमहरू, २०२१ को नियम ४१क१४ बमोजिमको बाँकी काम सम्झनु पर्छ ।

(ट) "विगतका आयोग, कार्यदल वा समिति" भन्नाले मिति २०८१/०६/१४ मा गठित आयोग र सोभन्दा अघि नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी भूमि सम्बन्धी समस्या समाधान गर्न गठित आयोग, कार्यदल वा समिति वा आधिकारिक निकायलाई सम्झनु पर्छ।

(ठ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ ।

**३. कार्यविधिः**

(१) स्थानीय तहले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरण यस आधार र मापदण्ड अनुसार गर्नु पर्नेछ।

(२) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलनको कार्य “भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८३” अनुसार गर्नु पर्नेछ।

**४. भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीको पहिचान र प्रमाणीकरणका आधार र मापदण्डहरूः**

(१) देहायका आधारमा स्थानीय वडा समितिले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको पहिचान र प्रमाणीकरणको निर्णय गर्नु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) सम्बन्धित स्थानीय तहमा २०६६ साल माघ २८ गते भन्दा अघिदेखि बसोबास वा जग्गा आबाद कमोत गरी आएको व्यक्ति,

(ग) मिति २०७६ माघ २८ पछि आफ्नो वा परिवारका सदस्यको नाममा रहेको सम्पूर्ण जग्गा विक्री वा हक हस्तान्तरण गरेको छैन भन्ने स्वघोषणा,

(घ) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन संबन्धी कार्यविधि, २०८३ को अनुसूची ३ बमोजिमको आफ्नो वा आफ्नो परिवारका सबै सदस्यको विवरण सहितको निवेदन,

(ङ) निवेदनको ढाँचा अनुरूप भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीले नेपाल राज्यभित्र आफ्नो र आफ्नो परिवारका कुनै पनि सदस्यको स्वामित्वमा कतै पनि जग्गा जमिन छैन, झुठा ठहरे कानूनबमोजिम सहन बुझाउन मञ्जुर छु भनी गरेको स्वघोषणा,

(च) भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीले आफ्नो र आफ्नो परिवारका कुनै पनि सदस्यको आयआर्जन, स्रोत र प्रयासबाट जग्गा प्रबन्ध गर्न असमर्थ छु भनी गरेको स्वघोषणा,

(छ) भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीले सरकारी अनुदान वा सहयोगबाट विगतमा नेपाल राज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्वसहितको आवास प्राप्त गरेको छैन भनी गरेको स्वघोषणा,

(ज) जग्गाधनी दर्ता प्रमाण पूर्जा भएको तर नदी कटान, पहिरो, डुबान वा अन्य प्राकृतिक विपद्का कारणले आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको सबै जग्गा प्रयोगमा आउने सम्भावना नभएकाको हकमा त्यस्तो जग्गाको स्वामित्व नेपाल सरकारको नाममा कायम गरेको लगतकट्टा समितिको निर्णय र भूमि प्रशासन कार्यालयको पत्र ।

(झ) वडा समितिले निवेदनको लगत प्रविष्टिका आधारमा प्राप्त विवरणउपर जाँचबुझका लागि कम्तीमा ७ (सात) दिनको म्याद दिई सार्वजनिक सूचना जारी गरी त्यस सम्बन्धमा प्राप्त उजुरी उपर वडास्तरीय सहजीकरण समितिले गरेको सिफारिसका आधारमा भूमिहीन दलित वा भूमिहीन सुकुम्बासी हो भनी गरेको निर्णय र अनुसूची १ बमोजिमको विवरण।

(२) माथि दफा १ को आधारमा अनुसूची १ बमोजिमको विवरण चेकजाँच गरी स्थानीय तहबाट स्वीकृत गर्नु पर्नेछ र सो स्वीकृत विवरण निर्णय सहित जिल्ला समितिमा पठाउनु पर्नेछ।

(३) देहायका आधारमा जिल्ला समितिले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीको पहिचान र प्रमाणीकरण गर्नुपर्नेछः-

(क) सम्बन्धित स्थानीय तहबाट प्राप्त अनुसूची १ बमोजिमको विवरण र स्वीकृतिको निर्णय।

(ख) माथि खण्ड (क) बमोजिमको प्रतिवेदन अनुसार लाभग्राहीको परिवारको नाममा नेपाल राज्यभर कहि कतै घर जग्गा रहे नरहेको सम्बन्धमा भूमि प्रशासन कार्यालयमा लेखी पठाउने र कार्यालयबाट प्राप्त अभिलेख विवरण भिडाउने।

(ग) माथि खण्ड (क) र (ख) बमोजिमको विवरण प्राप्त भएपछि अभिलेख भिडाउँदा लाभग्राहीको परिवारको कुनै सदस्यको नाममा जग्गा देखिन आएमा जिल्ला समितिले उक्त निवेदन अस्वीकृत गर्नु पर्नेछ। बाँकी लाभग्राहीको हकमामात्र अनुसूची २ बमोजिमको ढाँचामा ७(सात) दिनको प्रमाणीकरण उपरको दाबी विरोधको सूचना प्रकाशन गर्नु पर्नेछ।

(घ) माथि खण्ड (ग) बमोजिम अभिलेख भिडाउदा जग्गा देखिएमा निवेदकले दिएको निवेदन मनासिव माफिकको कारणले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८३ को अनुसूची ४ मा परिवर्तन हुने देखिएमा सोही बमोजिम परिवर्तन गर्न वडामा लेखी पठाउने र सो नदेखिए भूमि सम्बन्धि (संशोधन सहित) ऐन, २०२१ को ५२घ बमोजिम सजाय गर्ने।

(४) जिल्ला समितिले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीको पहिचान र अन्तिम प्रमाणीकरणको विवरण समितिलाई उपलब्ध गराउनुपर्नेछ।

**५. अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणका आधार र मापदण्डः**

(१) देहायका आधारमा स्थानीय वडा समितिले अव्यवस्थित बसोबासी हो भनी पहिचान र प्रमाणीकरणको निर्णय गर्नु पर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८३ को अनुसूची-४ बमोजिमको आफ्नो र आफ्नो परिवारका सबै सदस्यको विवरण सहितको निवेदन,

(ग) भूमि सम्बन्धी (संशोधन सहित) ऐन, २०२१ को दफा ५२ ख. को उपदफा (४) तथा भूमि सम्बन्धी (एकाइसौं संशोधन) नियमहरू, २०२१ को नियम ४१ख. (४) मा उल्लेखित जग्गा बाहेकको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८३ को दफा १३ को उपदफा (१) बमोजिमको जग्गामा बसोबास वा आवाद कमोत गर्ने व्यक्ति वा परिवार,

(घ) २०६६ साल माघ २८ गते अघिदेखि निज वा निजको परिवारले आबाद कमोत गरी आएको हो भनी वडा कार्यालयले गरेको निर्णय र अनुसूची १क बमोजिमको विवरण,

(ङ) अव्यवस्थित बसोबासीले आफ्नो वा आफ्नो परिवारका सदस्यले सरकारी अनुदान वा सहयोगबाट ऐनको दफा ५२ग. बमोजिम नेपाल राज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्वसहितको आवास प्राप्त गरेको छैन भनी गरेको स्वघोषणा,

(च) वडाले प्राप्त गरेको निवेदन वा तथ्याङ्क विवरणउपर छानबिन गरी त्यसको जाँचबुझका लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८३ को अनुसूची ७ (क) बमोजिमको ७ (सात) दिने सार्वजनिक सूचना जारी गर्नुपर्नेछ र त्यसउपर कुनै निवेदन वा उजुरी भए सो सम्बन्धमा वडा स्तरीय सहजीकरण समितिले अव्यवस्थित बसोबासी हो भनी गरेको सिफारिस बमोजिम वडाको निर्णय ।

(२) माथि दफा १ को आधारमा अनुसूची १क बमोजिमको विवरण चेकजाँच गरी स्थानीय तहबाट स्वीकृत गर्नु पर्नेछ र सो स्वीकृत विवरण निर्णय सहित जिल्ला समितिमा पठाउनु पर्नेछ।

(३) देहायका आधारमा जिल्ला समितिले अव्यवस्थित बसोबासी प्रमाणीकरण गर्नु पर्नेछः

(क) सम्बन्धित स्थानीय तहको कार्यपालिकाको स्वीकृत निर्णय, पहिचान र प्रमाणीकरण गरिएका व्यक्तिको नामावलीसहितको अनुसूची १क बमोजिमको ढाँचा अनुसारको विवरण,

(ख) माथि खण्ड (क) बमोजिमको प्रतिवेदन अनुसार लाभग्राहीको परिवारको नाममा नेपाल राज्यभर रहेको घर जग्गाको सम्बन्धमा भूमि प्रशासन कार्यालयमा लेखी पठाउने र कार्यालयबाट प्राप्त अभिलेख विवरण भिडाउने।

(ग) माथि खण्ड (ख) बमोजिमको विवरण भिडाउँदा लाभग्राही वा निजको परिवारको कुनै सदस्यको नाममा थप घर जग्गा देखिन आएमा लाभग्राहीको विवरण अद्यावधिक गर्नु पर्नेछ।

(घ) माथि (ग) बमोजीम स्थानीय तहबाट प्राप्त भएको सिफारिससहितको अद्यावधिक विवरणको प्रमाणीकरणका लागि कम्तीमा ७ (सात) दिनको म्याद दिई अनुसूची ३ बमोजिमको ढाँचामा सार्वजनिक सूचना जारी गरी त्यस सम्बन्धमा उजुरी परे जिल्ला समितिले छानविन गरी अव्यवस्थित बसोबासी हो भनी गरेको निर्णय।

(ङ) खण्ड (घ) बमोजिम कुनै उजुरी परी आवश्यक परेमा मिति २०६६ माघ २८ गते भन्दा अघिदेखि आबाद कमोत गरी घर टहरा बनाई बसेको देखिने Image फोटोको सहयोगसमेतबाट उचित निर्णय गर्न सक्नेछ।

(४) जिल्ला समितिले अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरण गरिएका व्यक्तिको विवरण समितिलाई उपलब्ध गराउनु पर्नेछ।

**६. परिवार र अंशवण्डा सम्बन्धी व्यवस्थाः**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको हकमा मिति २०७६ माघ २८ गतेभन्दा अगाडि नै मानो छुट्टिई वा अंशवण्डा भई घर र भान्सा समेत छुट्टै प्रयोग गरी आएको परिवारलाई मात्र छुट्टै परिवार मान्न सकिनेछ।

**७. परिमार्जन र संशोधनः**

यस मापदण्डको कार्यान्वयनमा कुनै समस्या देखिएमा समितिको सिफारिसमा मन्त्रालयले आवश्यकताअनुसार परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

**८. प्रचलित कानून बमोजिम हुनेः**

यो मापदण्डमा भएका व्यवस्थाहरू प्रचलित कानूनसँग बाझिन  गएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ ।

**९. खारेजी र बचाउः**

(१) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०८१ खारेज गरिएको छ।

(२) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०८१ बमोजिम भए गरेका कार्यहरूयसै मापदण्ड अनुसार भए गरेको मानिनेछ।

अनुसूची १

**(दफा ४ उपदफा (१)को खण्ड (झ), उपदफा (२) र (३) को (क) सँग सम्बन्धित)**

भूमिहीन दलित/भूमिहीन सुकुम्बासीको हकमा स्थानीय तहबाट जिल्ला समितिमा पठाउने प्रमाणीकरणको प्रतिवेदनको ढाँचा

................................महानगर/उपमहानगर/नगर/गाँउ पालिका

**प्रमाणीकरण प्रतिवेदन**

प्रस्तुत विषयमा .............. स्थानीय तहको .......नं. वडा समितिबाट प्रमाणीकरण भइआएका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीले आफ्नो र आफ्नो परिवारका सदस्यको स्वामित्वमा नेपाल राज्यभित्र जग्गा जमिन नभएको र परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रवन्ध गर्न असमर्थ भएको, विगतमा आफू र आफ्नो परिवारका सदस्यलाई नेपाल सरकारले कुनै प्रकारले कुनै जग्गा वा जग्गाको स्वामित्व सहितको आवास उपलब्ध नगराएको तथा मिति २०७६ माघ २८ पछि आफ्नो वा परिवारका कुनै सदस्यको नाममा रहेको जग्गा बिक्री वा हक हस्तान्तरण नगरेको भनी आफूलाई भूमिहीन दलित/भूमिहीन सुकुम्बासी दाबी गरी २०६६ माघ २८ अघिदेखि जग्गा आबाद कमोत गर्दै आएको स्थानमा वा अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी निःशुल्क जग्गा पाउन स्थानीय वडा कार्यालयमार्फत सिफारिस प्रमाणीकरण भई आएकोले यस पालिकाको मिति...................... को बैठकबाट तपसिलमा उल्लेख भए बमोजिम भूमिहीन दलित/भूमिहीन सुकुम्बासी हो भनी प्रमाणीकरण भएको प्रतिवेदन।

## तपसिल

| क्र.सं. | निवेदन फारम नं. | निवेदन दर्ता (कोड) नं. | परिवारमूलीको परिवारीक नामावली | ना.प्र.न./जन्मदर्ता नं. | जारी मिति/दर्ता मिति | जारी जिल्ला/स्थानिय तह | सरकारी जग्गा आवाद कमोत गरेको भए जग्गाको | | निवेदकको किसिम (भूमिहीन दलित/ भूमिहीन सुकुम्बासी) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कित्ता कोड | जग्गाको अनुमानित क्षेत्रफल (स्थानीय एकाइ) | | |
| | | | १.निवेदकको नामः<br>२.बाजे/बुढा ससुराको नामः<br>३.बजै/बुढी सासुको नामः<br>४.बुबा/ससुराको नामः<br>५.आमा/सासुको नामः<br>६.श्रीमान्/श्रीमतिको नामः<br>७.छोराको नामः<br>८.छोरीको नामः | | | | | | | |
| | | | | | | | | | | |

..............................

प्रमाणित गर्ने अधिकारी

अनुसूची १क

**(दफा ५ उपदफा (१) को खण्ड (घ), उपदफा (२) र उपदफा (३) को खण्ड (क) सँग सम्बन्धित)**

अव्यवस्थित बसोबासीको हकमा स्थानीय तहबाट जिल्ला समितिमा पठाउने प्रमाणीकरणको प्रतिवेदनको ढाँचा

................................महानगर/उपमहानगर/नगर/गाँउ पालिका

**प्रमाणीकरण प्रतिवेदन**

प्रस्तुत विषयमा .............. स्थानीय तहको .......नं. वडा समितिबाट अव्यवस्थित बसोबासीले विगतमा आफू र आफ्नो परिवारका सदस्यलाई नेपाल सरकारले कुनै प्रकारले कुनै जग्गा वा जग्गाको स्वामित्व सहितको आवास उपलब्ध नगराएको तथा मिति २०६६ माघ २८ अघिदेखि जग्गा आबाद कमोत गर्दै आएको स्थानमा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी सःशुल्क जग्गा पाउन स्थानीय वडा कार्यालयमार्फत सिफारिस प्रमाणीकरण भई आएकोले यस पालिकाको मिति...................... को बैठकबाट तपसिलमा उल्लेख भए अव्यवस्थित बसोबाससी हो भनी प्रमाणीकरण भएको प्रतिवेदन।

**तपशिल**

| क्र.सं. | निवेदन फाराम नं. | निवेदन दर्ता (कोड) नं. | परिवारमूलीको परिवारीक नामावली | ना.प्र.न./जन्मदर्ता नं. | जारी मिति/दर्ता मिति | जारी जिल्ला/स्थानिय | सरकारी जग्गा आवाद कमोत गरेको जग्गाको विवरण | | जग्गाको विरह | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कित्ता कोड | जग्गाको अनुमानित क्षेत्रफल (स्थानीय एकाइ) | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १.निवेदकको नामः<br>२.बाजे/बुढा ससुराको नामः<br>३.बजै/बुढी सासुको नामः<br>४.बुबा/ससुराको नामः<br>५.आमा/सासुको नामः<br>६.श्रीमान्/श्रीमतिको नामः<br>७.छोराको नामः<br>८.छोरीको नामः | | | | | | | |
| | | | | | | | | | | |

..............................

प्रमाणित गर्ने अधिकारी

अनुसूची २

**(दफा ४ उपदफा (३) खण्ड (ग) सँग सम्बन्धित)**

भूमिहीन दलित/भूमिहीन सुकुम्बासीको हकमा जिल्ला समितिबाट प्रकाशन हुने सूचनाको ढाँचा

...............................जिल्ला समिति

**७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको सम्बन्धमा**

प्रस्तुत विषयमा.............. स्थानीय तहबाट प्रमाणीकरण भइआएका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीले आफ्नो र आफ्नो परिवारका सदस्यको स्वामित्वमा नेपाल राज्यभित्र जग्गा जमिन नभएको र परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रवन्ध गर्न असमर्थ भएको, विगतमा आफू र आफ्नो परिवारका सदस्यलाई नेपाल सरकारले कुनै प्रकारले कुनै जग्गा वा जग्गाको स्वामित्व सहितको आवास उपलब्ध नगराएको तथा मिति २०६६ माघ २८ पछि आफ्नो वा परिवारका कुनै सदस्यको नाममा रहेको जग्गा बिक्री वा हक हस्तान्तरण नगरेको भनी आफूलाई भूमिहीन दलित/भूमिहीन सुकुम्बासी दाबी गरी जग्गा आबाद कमोत गर्दै आएको स्थानमा वा अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी निःशुल्क जग्गा पाउन स्थानीय तहमार्फत सिफारिस प्रमाणीकरण भई जिल्ला समितिमा विवरण प्राप्त भएकाले सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। निवेदनमा उल्लेखित व्यहोरा संशोधन गर्नु परेमा निवेदक स्वयंले र कुनै उजुरी वा दाबी विरोध भए जोसुकैले ७ (सात) दिन भित्र प्रमाणसहित निवेदन दर्ता गराउनु हुन वा उजुर गर्न जानकारी गराइन्छ ।

**तपशिल**

| क.सं. | निवेदन फारम नं. | निवेदन दर्ता (कोड) नं. | परिवारमूलीको र निजको पति/पत्नीको नाम | परिवारमूलीको ना.प्र.नं. | सरकारी जग्गा आवाद कमोत गरेको भए जग्गाको | | निवेदकको किसिम (भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा दुवै) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कित्ता कोड | जग्गाको अनुमानित क्षेत्रफल (स्थानीय एकाइ) | | |
| | | | | | | | | |

....................

सदस्य सचिव

<u>अनुसूची ३</u>

**(दफा ५ उपदफा (३) खण्ड (घ) सँग सम्बन्धित)**

अव्यबस्थित बसोबासीका हकमा जिल्ला समितिबाट प्रकाशन हुने सूचनाको ढाँचा

...............................जिल्ला समिति

**७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको सम्बन्धमा**

प्रस्तुत विषयमा ........... स्थानीय तहबाटबाट प्रमाणीकरण भइआएका अव्यवस्थित बसोबासीहरुले सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि आबादीमा परिणत भएको जग्गामा मिति २०६६ माघ २८ अघिदेखि आबाद कमोत गरी घर टहरा बनाई बसोबास गरेका र २०७६ माघ २८ पछि आफू र आफ्नो परिवारका सदस्यलाई नेपाल सरकारले कुनै प्रकारले कुनै जग्गा वा जग्गाको स्वामित्वसहितको आवास उपलब्ध नगराएको भनी आफूलाई अव्यवस्थित बसोबासीको रूपमा दाबी गरी आफूले आबाद कमोत गर्दै आइरहेको जग्गा पाउन स्थानीय तहमार्फत प्रमाणीकरण भई जिल्ला समितिमा विवरण प्राप्त भएकाले सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। निवेदनमा उल्लेखित व्यहोरा संशोधन गर्नु परेमा निवेदक स्वयंले र कुनै उजुरी वा दाबी विरोध भए जोसुकैले ७ (सात) दिन भित्र जिल्ला समितिमा प्रमाणसहित निवेदन दर्ता गराउनु हुन वा उजुर गर्न जानकारी गराइन्छ ।

| क्र.सं. | निवेदन फारम नं. | निवेदन दर्ता (कोड) नं. | परिवारमूलीको र निजको पति/पत्नीको नाम | परिवारमूलीको ना.प्र.न. | आवाद कमोत वा घरबास गरेको जग्गाको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कित्ता कोड | जग्गाको अनुमानित क्षेत्रफल (स्थानीय एकाइ) | आवाद कमोतको अवधि | |
| | | | | | | | | |

.....................

**सदस्य सचिव**